**22th July**

**मुख्य समाचारहरुबाट :**

- **विपक्षी हंगामाले संसदको दुवै सदनको कार्यवाही दिनभरका लागि स्थगित**
- **प्रधानमन्त्री मोदी भोली देखी britain र माल्दिभ भ्रमणमा जानुहुने**
- **उपराष्ट्रपति जगदीप धनखडको स्वास्थ्य कारणले राजीनामा, राष्ट्रपतिबाट स्वीकृति**
- **एशिया मिडिया सम्मेलनमा 'वेव्स' ओटीटी प्लेटफर्मबारे प्रसार भारती प्रमुखको प्रस्तुति**
- **अपाचे हेलिकोप्टरको आगमनले सेनाको क्षमता थप बलियो बनाउने  रक्षा मन्त्री राजनाथ सिंहको भनाइ**

**अब समाचार विस्तारमा**

**विपक्षी हंगामाले संसदको दुवै सदनको कार्यवाही दिनभरका लागि स्थगित**

संसदका दुवै सदन—लोकसभा र राज्यसभा—को कार्यवाही आज विपक्षी दलहरूको हंगामाका कारण अवरुद्ध रह्यो। दुबै सदनको बैठक निर्धारित समयभन्दा अघि नै दिनभरका लागि स्थगित गर्नुपर्‍यो। विपक्षी दलहरूले 'अपरेशन सिंदूर', बिहारमा विशेष गहन पुनरीक्षण पहल, र अन्य महत्वपूर्ण मुद्दाहरूमा छलफलको माग गर्दै सदनमा विरोध जनाएका थिए। लोकसभाको कार्यवाही सुरु भएपछि अवरोधका कारण पहिले बिहान 12 बजेसम्मका लागि स्थगित गरिएको थियो। दिउँसो 2 बजे जब कार्यवाही पुनः सुरु गरियो, विपक्षी सांसदहरूले फेरि नाराबाजी सुरु गरे। पीठासीन अधिकारीले सांसदहरूलाई आ-आफ्नो स्थानमा फर्किन र सदनको कार्यवाहीलाई अगाडि बढ्न दिन आग्रह गर्नुभयो। उहाले आश्वासन दिनुभयो कि विपक्षले उठाएका विषयमा छलफल गरिनेछ। संसदीय कार्यमन्त्री किरेन रिजिजूले विपक्षी दलहरूको व्यवहारको आलोचना गर्नुभयो। उहाले आरोप लगाउनुभयो कि विपक्ष छलफल चाहँदैन, बरु जानाजानी अवरोध गरिरहेको छ। रिजिजूले जानकारी दिनुभयो कि कार्य मंत्रणा समितिको हिजोको बैठकमा 'अपरेशन सिंदूर'मा छलफल गरिने निर्णय भइसकेको थियो। उहाले भन्नुभयो

स्थिति सुध्रिन नसकेपछि सभाअध्यक्षले लोकसभाको कार्यवाही दिनभरका लागि स्थगित गर्नुभयो। राज्यसभामा पनि यस्तै दृश्य देखियो। कांग्रेस, डीएमके, राष्ट्रिय जनता दल, समाजवादी पार्टी लगायत विपक्षी दलहरूले बिहारमा भइरहेको विशेष गहन समीक्षा र 'अपरेशन सिंदूर' लगायत विषयमा तत्काल छलफलको माग गर्दै नाराबाजी गरे। बिहान 11 बजे कार्यवाही सुरु भएलगत्तै विपक्षी सदस्यहरूले विरोध प्रदर्शन सुरु गरे। उपसभापति हरिवंशले प्रदर्शनकारी सांसदहरूलाई आ-आफ्नो सिटमा फर्कन र सदनको कामकाज सञ्चालनमा सहयोग गर्न आग्रह गर्नुभयो तर उनीहरूको विरोध नरोकिएपछि सभापतिले कार्यवाही पहिला दिउँसो 12 बजेसम्म र त्यसपछि 2 बजेसम्मका लागि स्थगित गर्नुभयो।

तर दिउँसो 2 बजे पनि विरोध प्रदर्शन जारी रह्यो। त्यसपछि सभापतिले राज्यसभाको कार्यवाही पनि दिनभरका लागि स्थगित गर्नुभयो।यसबीच सभापतिले उपराष्ट्रपति जगदीप धनखडको राजीनामाबारे गृह मन्त्रालयबाट प्राप्त सूचना सदनमा पढेर सुनाउनुभयो।

**राष्ट्रसेवा नै जीवनको सर्वोत्तम मार्ग : राष्ट्रपति द्रौपदी मुर्मु**

राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्र र समाजका लागि जीवन समर्पण गर्नु नै जीवन जिउने सर्वोत्तम तरिका भएको बताउनु भएको छ। उहा आज नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा आयोजित 2018-2021 का लागि 52औँ राष्ट्रपति स्काउट्स एण्ड गाइड पुरस्कार समारोहलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। समारोहमा राष्ट्रपति मुर्मुले भारत स्काउट्स एण्ड गाइडका 16 जना स्काउट्स, गाइड्सको अमूल्य योगदानको कदर गर्दै प्रमाणपत्र र पुरस्कार प्रदान गर्नुभयो। कार्यक्रमलाई सम्बोधन गर्दै उहाले भन्नुभयो

**प्रधानमन्त्री मोदीको britain र माल्दिभ भ्रमण: व्यापार, रणनीतिक साझेदारी र क्षेत्रीय सहयोगमा जोड**

प्रधानमन्त्री नरेन्द्र मोदी दुई दिने भ्रमणका लागि भोली ब्रिटेन  प्रस्थान गर्नुहुने छ। भ्रमणका क्रममा उहाले  ब्रिटेनका प्रधानमन्त्री कीयर स्टारमरसँग वार्ता गर्ने र KING चाल्स तृतीयसँग शिष्टाचार भेट गर्ने कार्यक्रम रहेको छ। साथै, उहा भारत–ब्रिटेनका अग्रणी उद्योगपतिहरूसँग अन्तर्क्रिया पनि गर्नुहुने छ । विदेश सचिव विक्रम मिस्रीका अनुसार भ्रमणले दुई देशबीचको द्विपक्षीय सम्बन्धको समग्र समीक्षा गर्न र यसलाई अझ बलियो बनाउन सहयोग पुऱ्याउनेछ। । ब्रिटेनको भ्रमणपछि प्रधानमन्त्री मोदी माल्दिभको राजकीय भ्रमणमा जानुहुनेछ। उहा माल्दिभको स्वतन्त्रताको 60 औं वार्षिकोत्सव समारोहमा 'मुख्य अतिथि'का रूपमा सहभागी हुनुहुने छ। विदेश सचिवका अनुसार माल्दिभ भारतको 'पडोसी प्रथम नीति' र 'महासागर दृष्टिकोण' अन्तर्गत एक महत्त्वपूर्ण साझेदार हो।

**उपराष्ट्रपति जगदीप धनखडको स्वास्थ्य कारणले राजीनामा, राष्ट्रपतिबाट स्वीकृति**

उपराष्ट्रपति जगदीप धनखडको राजीनामा स्वीकार गरिएको छ। आज दिउँसो 12 बजे राज्यसभाको प्रश्नकाल सुरु हुनासाथ उपसभापति घनश्याम तिवारीले गृह मन्त्रालयको सूचना पढेर सांसदहरूलाई जानकारी गराउनुभयो। बिहानको बैठकमा उपसभापति हरिवंशले उपराष्ट्रपति पद खाली भएको विषयमा आवश्यक संवैधानिक प्रक्रिया आएपछि थप जानकारी दिइने बताउनुभयो। श्री धनखडले स्वास्थ्यको कारण बताउँदै हिजो उपराष्ट्रपति पदबाट राजीनामा दिनुभएको थियो। राष्ट्रपतिलाई लेखेको पत्रमा उहाले आफ्नो स्वास्थ्यलाई प्राथमिकता दिँदै डाक्टरको सल्लाह अनुसार तुरुन्तै राजीनामा दिएको उल्लेख गर्नुभएको छ। श्री धनखडले कार्यकालभरि राष्ट्रपतिबाट प्राप्त सहयोगप्रति आभार व्यक्त पनि गर्नुभएको छ । उहाले प्रधानमन्त्री नरेन्द्र मोदी र मन्त्री परिषदप्रति समेत कृतज्ञता व्यक्त गर्नुभएको छ। चौरातर वर्षीय जगदीप धनखडले  2022 को अगस्टमा पदभार ग्रहण गर्नुभएको थियो र उहाको कार्यकाल 2027-को अगस्टसम्म रहने तय थियो।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**एशिया मिडिया सम्मेलनमा 'वेव्स' ओटीटी प्लेटफर्मबारे प्रसार भारती प्रमुखको प्रस्तुति**

प्रसार भारतीका प्रमुख कार्यकारी अधिकृत तथा एशिया–प्रशान्त प्रसारण विकास संस्थान महासम्मेलनका अध्यक्ष गौरव द्विवेदीले आज कम्बोडियाको सिएम रीपमा आयोजना भएको 20औं एशिया मिडिया सम्मेलनमा 'वेव्स' नामक ओटीटी प्लेटफर्मबारे प्रस्तुति दिनुभयो। उक्त अवसरमा उहाले 'वेव्स' प्लेटफर्मले  केवल प्रयोगकर्ताहरूलाई सामग्री खोज्नमा सहयोग गर्ने  तर संस्थाहरू, प्रवासी समूहहरू र नीतिनिर्माताहरूलाई समेत सहयोग पर्याउने उहाले जानकारी दिनुभयो। श्री द्विवेदीले भन्नुभयो "लोक सेवा प्रसारकहरूका लागि

सबैभन्दा राम्रो उपाय भनेको आ-आफ्नो प्लेटफर्म बनाउनेभन्दा पनि एकजुट भएर काम गर्नु र सबैको आवश्यकतालाई सम्बोधन गर्न साझा ऊर्जा प्रयोग गर्नु हो।" उनले थप भन्नुभयो, वेव्स ओटीटी प्लेटफर्म लोक सेवा मूल्यमा आधारित छ र यो ग्रामीण आवाजहरूलाई विश्वसामु पुऱ्याउने, परम्परागत कथाहरूलाई आधुनिक ढाँचामा प्रस्तुत गर्ने उद्देश्यले बनाइएको हो। श्री द्विवेदीका अनुसार, ओटीटी प्लेटफर्म डिजिटल सांस्कृतिक आन्दोलनको एक आधार हो—जहाँ ग्रामीण सर्जकहरू विश्व दर्शकसँग जोडिन्छन्, भारतीय सांस्कृतिक सम्पदा आधुनिक माध्यमसँग जोडिन्छ, र सार्वजनिक प्रसारण प्रविधिमा नवप्रयोगसँग जोडिन्छ।

**अपाचे हेलिकोप्टरको आगमनले सेनाको क्षमता थप बलियो बनाउने  रक्षा मन्त्री राजनाथ सिंहको भनाइ**

रक्षा मन्त्री राजनाथ सिंहले भारतीय सेनाका लागि अपाचे हेलिकोप्टरहरूको पहिलो खेप आएसँगै देशको रक्षा क्षमता थप मजबुत भएको बताउनु भयो। उहाका अनुसार यी अत्याधुनिक हेलिकोप्टरहरूले सेनाको विमानन विभागको, विशेष गरी चुनौतीपूर्ण भौगोलिक क्षेत्रमा सञ्चालन क्षमता वृद्धि गर्नेछन्। रक्षा मन्त्री सिंहले यो क्षण सशस्त्र बलहरूको आधुनिकीकरणमा सरकारको प्रतिबद्धता झल्काउने गौरवपूर्ण उपलब्धि भएको पनि उल्लेख गर्नुभयो।

**अन्त्यमा मुख्य समाचार फेरी एक पल्ट**

- **विपक्षी हंगामाले संसदको दुवै सदनको कार्यवाही दिनभरका लागि स्थगित**
- **प्रधानमन्त्री मोदी भोली देखी britain र माल्दिभ भ्रमणमा जानुहुने**
- **उपराष्ट्रपति जगदीप धनखडको स्वास्थ्य कारणले राजीनामा, राष्ट्रपतिबाट स्वीकृति**
- **एशिया मिडिया सम्मेलनमा 'वेव्स' ओटीटी प्लेटफर्मबारे प्रसार भारती प्रमुखको प्रस्तुति**
- **अपाचे हेलिकोप्टरको आगमनले सेनाको क्षमता थप बलियो बनाउने  रक्षा मन्त्री राजनाथ सिंहको भनाइ**

***आकासवाणीबाट सुन्दै हुनुहुन्थयो समाचार पुरा भयो***